# १० प्रतिज्ञाका सन्तान

<u>*यस अध्यायको मूल अध्यायः*</u> रोमी ९

<u>*स्मरण गर्नुपर्ने पदः*</u> "त्यसकारण परमेश्वरले जे गर्न चाहनुहुन्छ सो गर्नुहुन्छ। एक जनालाई दया देखाउनुहुन्छ भने अर्कोलाई उहाँले नै हठी बनाउनुहुन्छ।" (रोमी ९:१८बाट रूपान्तरित)।

"१३ जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें।" १४ अब हामी के भनौं? के परमेश्वरमा अन्याय छ त? कदापि होइन! १५ उहाँ मोशालाई भन्नुहुन्छ, "जसमाथि म कृपा गर्न चाहन्छु, त्यसलाई म कृपा गर्नेछु, र जसलाई म टिठ्याउन चाहन्छु, त्यसलाई म टिठ्याउनेछु।" रोमी ९:१३-१५।

पावलको उपरोक्त भनाइको अर्थ के हो? हाम्रो आत्मनिर्णयको अधिकार र चुन्ने स्वतन्त्रता खोइ त? यी कुराहरू नभइकन हामीले गरेको बिश्वासको खासै मतलब हुँदैन। के परमेश्वरलाई चुन्ने र इन्कार गर्ने स्वतन्त्र अधिकार हामीलाई दिइएको छैन र? अर्थात् कोही मानिसहरूलाई मानौं भाग्यको खेल भन्ने फन्दामा पारेर परमेश्वरले कसैलाई मुक्ति दिने र आफूले व्यक्तिगत रूपमा परमेश्वरलाई विश्वास गरेपनि मुक्ति नपाइ अनन्त जीवन नपाउने- के ती धारणाहरूलाई माथिका पदहरूले सिकाइरहेका छन् त?

ती प्रश्नका जवाफहरू पाउन हामीले पावलको भनाइमा ठूलो चित्रद्वारा हेर्नु पर्दछ। परमेश्वरले रोज्नुभएका व्यक्तिहरूमध्येबाट कसलाई टिपेर उहाँको योजना लागु गराउने हो सो गर्न उहाँको अधिकार हो भन्ने तर्क पावलले राख्न खोजिरहेको पाइन्छ। आखिरमा सारा संसारमा परमेश्वरको राज्यको सुसमाचार सुनाउने जिम्मेवारी परमेश्वरले नै लिनुभएको छ । त्यसकारण सो काम गर्न कसलाई खटाउने हो सो खटन उहाँको इच्छा लागेको व्यक्तिलाई उहाँले किन नचुन्ने? मुक्ति पाउने अवसरबाट उहाँले कसैलाई पनि वन्चित गर्नुभएको छैन। त्यसकारण उहाँको क्रियाकिलापले मानिसको आत्मनिर्णयक सिद्धान्तको बिरुद्धमा छैन। अझ अति महत्वपूर्ण कुरो त, येशू ख्रीष्ट सारा मानव जगत (पुरुष, महिला र बालबालिकाहरू)को निम्ति मर्नुभएको कारणले प्रत्येक व्यक्तिले मुक्ति पाउन् भन्ने परमेश्वरको चाहना हो।

निश्चित कामको निम्ति परमेश्वरले बोलाइएकाहरूको व्यक्तिगत मुक्तिको बारेमा पावलले रोमी ९मा छलफल गरिरहेका होइनन् भन्ने कुरालाई हामीले सम्झनु पर्दछ। तर परमेश्वरले विभिन्न मानिसहरूलाई विशेष कामको निम्ति खटाउनुहुनेभएकोले त्यस कामप्रति परमेश्वरको चासो भएको रोमी ९ अध्यायले देखाउँछ।

## १. पावलले बोकेको बोझ

**"६ तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलका सन्तानहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" प्रस्थान १९:६।**

यस संसारमा पत्थरहरूको मूर्ति बनाएर परमेश्वर यहि हो भनेर आराधाना गर्नेहरूले भरिएको छ, प्रकृतिका सृष्टिकर्तालाई पन्छाएर प्रकृतिलाई नै शक्ति मानेर पुजा गर्ने आध्यात्मिक संस्कार छ र ज्ञान विज्ञानलाई सबैभन्दा ठूलो मानेर अन्धकारमा दुनियाँ अलमलिरहेको छ। परम पिता सनातनका परमेश्वर तथा सारा जगतका सृष्टिकर्तातिर औँल्याउने प्रचारकहरूको परमेश्वरलाई आवश्यक भएको थियो। संसारको निम्ति उज्यालो ज्योति बन्न परमेश्वरले इस्रायली जातिहरूलाई चुन्नु भएको थियो। आफ्नो अस्तित्व ती जातिहरूबाट विभिन्न तरिकाहरूद्वारा प्रकट गर्नुभएकोथियो। विश्वको सारा जनसमुदायको सामु त्यो जाति आदर्शको राष्ट्र होस्, अरूले तिनीहरूको अनुसरण गर्न सकोस् र तिनीहरूले गर्दा नै सत्य परमेश्वरतिर सारा मानव जाति आकर्षित होउन् भन्ने उहाँको योजना थियो। ती यहूदी जातिहरूद्वारा परमेश्वरले आफ्नो चरित्र देखाउने उहाँको उदेश्य थियो। तिनीहरूकै उदाहरणीय जीवन शैलीबाट सारा मानिसहरू उहाँको चरित्रतिर आकर्षित होउन् भन्ने उहाँको इच्छा थियो। पवित्र मन्दिरमा प्रयोग गरिएका विभिन्न बलिप्रथाहरूको शिक्षादीक्षाहरूद्वारा सारा राष्ट्रहरूको सामु येशूलाई उचाल्नुपर्दथ्यो। अनि सबै मानिसहरूले उहाँलाई देखेर जिउन चाहना गर्नुपर्थ्यो। जब तिनीहरूको जनसंख्या र आशिष बढदै जान्थ्यो तिनीहरूको सिमाना पनि बढाउन जानुपर्थ्यो र तिनीहरूको राज्य सारा संसारमा फैलिनुपर्ने थियो।

**मानव जगतमा मानवीय कमजोरी र असफलता भएतापनि तिनीहरूप्रति परमेश्वरको प्रेम र इमान कसरी झल्किरहेको छ भनेर पावलले रोमी ९:१-१३ हामीलाई कसरी देखाउँछन्? हेर्नुहोस्: "१ म ख्रीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैनँ। मेरो विवेकले पवित्र आत्मामा मलाई गवाही दिन्छ। २ मेरो**

हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ। ३ म त यहाँसम्म पनि चाहन सक्थें कि मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूका खातिर म नै श्रापित होऊँ, र ख्रीष्टबाट परित्यक्त होऊँ! ४ तिनीहरू इस्राएलीहरू हुन्, अनि पुत्र हुने अधिकार, महिमाको दर्शन, करार, व्यवस्थाको प्रदान, मन्दिरको आराधना र प्रतिज्ञाहरू तिनीहरूका आफ्नै हुन्। ५ पूर्वजहरू यिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्। आमेन। ६ तर परमेश्वरको वचन विफल भएको होइन। किनकि इस्राएलबाट जन्मेका सबै इस्राएल होइनन्, ७ न त अब्राहामका सन्तान हुँदैमा सबै तिनका छोरा-छोरी हुन्। तर धर्मशास्त्रमा भनेअनुसार, "इसहाकबाट नै तिनीहरूको सन्तान गनिनेछ।" ८ यसको अर्थ, शरीरबाट जन्मेकाहरू परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहामका सन्तान हुन्। ९ त्यस प्रतिज्ञाले यसो भन्दछ, "तोकिएको समयमा म फर्केर आउनेछु, र साराको एउटा छोरो हुनेछ।" १० त्यसो मात्र होइन, जब रिबेकाले एउटै पुरुष हाम्रा पुर्खा इसहाकबाट गर्भधारण गरिन्, ११ र जुम्ल्याहा बालकहरू जन्मनु अघिबाटै, तिनीहरूले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार परमेश्वरका चुनाउको उद्देश्य ठहरिओस् भनेर १२ रिबेकालाई यसै भनिएको थियो, "जेठोले कान्छाको सेवा गर्नेछ।" १३ जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें।"

परमेश्वरले इस्रायलीहरूसँग गर्नुभएको वाचा पूर्ण रूपमा असफल भएको छैन भनेर पावलले आफ्नो तर्क अघि बढाउँछन्। आफ्ना कामलाई जारी राख्न र आफ्ना उदेश्यलाई पूरा गर्न बचेखुचेका निष्ठावान सानो समूहलाई अझ उहाँले प्रयोग गर्दै हुनुहुन्छ। त्यो सानो तर निष्ठावान समूहको अस्तित्वलाई प्रमाणित गर्न पावलले इस्रायलको इतिहास पल्टाउँछन्। परमेश्वरले सधैं होसियारसाथ मानिसलाई रोज्नुहुन्छ भनेर उनले यसरी देखाउँछन्: (१) अब्राहमका सबै सन्तानलाई उहाँको विशेष जन हुन परमेश्वरले चुन्नु भएन, तर केवल इसाहाकको वंशलाई मात्र। (२) फेरि इसाहाकको सबै वंशलाई उहाँले चुन्नु भएन तर केवल याकूबको वंशमात्र।

तर ती चुनिएका वंशका सन्तान भयो भन्दैमा र तिनीहरूको पूर्खा को थिए भन्दैमा मुक्ति पाउने तिनीहरूको अधिकार हो भन्ने छैन अर्थात् परमेश्वरले दिनुहुने मुक्ति बंशबाट सर्ने होइन भन्ने तथ्य पनि सबैले बुझ्नु आवश्यक छ। तपाईंको रगत उच्चकोटिका परिवारका होलान्, तपाईंको परिवार प्रतिष्ठित, ठीक तथा सबैको निम्ति आदरणीय होलान्, तपाईं ठीक चर्चको सदस्य पनि

हुनुहोला, तर मुक्तिको योजनामा तपाईँ बाहिरिन पनि सक्नुहुन्छ । वंश तथा वातावरणको आधारमा होइन तर विश्वासको आधारमा र प्रेमले परिचालित आस्थाको आधारमा मात्र करार अर्थात् वाचाका संतान हुन पाइन्छ (रोमी ९:८ रूपान्तरित)।

**रोमी ९:८मा यसरी लेखिएको छः "यसको अर्थ शरीरबाट जन्मेकाहरू (अर्थात् रगतको नाताबाट) परमेश्वरका सन्तान होइनन्। तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहमका सन्तान हुन्।" हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति यो पदमा के महत्वपूर्ण सन्देश समावेश भएको पाउँछौं किनभने हामीहरूको युगमा हामीहरूले पौराणिक इस्राएलीहरूको भूमिका खेलिरहेकाछौं?**

## २. परमेश्वरले रोज्नुभएको

**"१२ रिबेकालाई यसै भनिएको थियो, "जेठोले कान्छाको सेवा गर्नेछ।" १३ जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें।" रोमी ९:१२-१३।**

पावलले कुनै व्यक्ति विशेषलाई तोकेर उसको मुक्तिको बारेमा चर्चा गरिरहेको छैन भन्ने कुरो नबुझेसम्म रोमी ९लाई राम्रोसँग बुझ्न सम्भव छैन भनेर अघि नै उल्लेख गरिएको छ। आफ्ना कामको निम्ति परमेश्वरले चुन्नुभएका विशेष मानिसहरूलाई खटाइएको विशेष जिम्मेवारीको बारेमा पावलले यहाँ चर्चा गरिरहेको पाउँछौं। परमेश्वरले याकूबलाई चुन्नु भयो किनभने उनको सन्तान यस्तो विशेष समूह होस् जो सारा संसारमा परमेश्वरको सुसमाचार सुनाउने विशेष साधन होउन्। तर एसावले मुक्ति पाउँदैन भनेर रोमी ९:१२,१३मा उल्लेख गरिएको छैन। जसरी सारा मानिसले उद्धार पाउन् भन्ने परमेश्वरको चाहना थियो त्यस्तै चाहना एसावप्रति पनि थियो।

**हामीले जुन कुरालाई तुलना गरेर अध्ययन गरिरहेका छौं, त्यसलाई मध्य नजर राख्दा रोमी ९:१४,१५लाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्: "१४ अब हामी के भनौं? के परमेश्वरमा अन्याय छ त? कदापि होइन! १५ उहाँ मोशालाई भन्नुहुन्छ, "जसमाथि म कृपा गर्न चाहन्छु, त्यसलाई म कृपा गर्नेछु, र जसलाई म टिठ्याउन चाहन्छु, त्यसलाई म टिठाउनेछु।"**

कुनै मानिसले उद्धार पाउँदैन भनेर पावलले भनिरहेका छैनन्। किनभने मुक्तिको योजनामा परमेश्वरले सबैलाई उत्तिक्कै कृपा देखाउनुभएको छ। "हरेक व्यक्तिले उद्धार पाउन् भन्ने परमेश्वरको चाहना हो।" (१ तिमोथी २:४ रूपान्तरित)। "पापबाट राहत दिने परमेश्वरको अनुग्रह अर्थात् उद्धारको

निम्ति परमेश्वरको अनुग्रह वा कृपा सारा मानिसहरूको अगाडि देखापरेका छन्" (तितस २:११ रूपान्तरित)। तर परमेश्वरले कुनै देश वा बंशलाई आफ्नो काम सम्पन्न गर्न रोज्न सक्नुहुन्छ। परमेश्वरले खटाउनुभएको जिम्मेवारीबाट तिनीहरू आफ्नै इच्छाले हट्न सक्दछन्, तर तिनीहरूले परमेश्वरको छनोटलाई रोक्न सक्दैनन्। एसाबले जतिसुकै अथक प्रयास गरेतापनि मसीह अर्थात् परमेश्वरले चुन्नुभएको उद्धारकर्ता आउनेको पुर्खा हुन सक्दैनथ्यो, न त परमेश्वरले आफ्नो कामको निम्ति जिम्मेवारी बोक्ने बंश नै।

तर अन्तमा, एसाबले मुक्तिको ढोका परमेश्वरको मनोमानीमा बन्द भएको होइन। येशूद्वारा पाउने अनुग्रहको बरदान सबैलाई सित्तैंमा प्रदान गरिएको छ। कोहि पनि नाश नहोस् तर सबै जनाले मुक्ति पाउन् भनेर हामी सबैलाई परमेश्वरले रोज्नुभएको छ (एफिसी १:४, ५, २ पत्रुस १:१०)। येशूबाट पाउने अनन्त जीवनको प्रतिज्ञाबाट वंचित रहने वा उपभोग गर्ने जिम्मेवारी हामीलाई नै सुम्पिएको छ। यदि हामीले परमेश्वरको राज्यमा पस्न पाउँदैनौं भने हामीहरूकै राजिखुसीले हुन्छ (बाइबलमा भाग्यको चलखेलले ठाउँ पाएको छैन)। यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीको निम्ति येशू मर्नुभएको थियो। तैपनि प्रत्येक मानिसले अनन्त जीवन पाउन एउटा शर्त परमेश्वरले राख्नुभएको छ-त्यो हो, ख्रीष्टमा विश्वास अर्थात् आस्था र निष्ठा जसले गर्दा निर्दोष साबित हुन पुगेको पापी मानिस परमेश्वरको चाहना अनुसार चल्छ। **याद गर्नुहोस् संसारको उत्पत्ति हुनुभन्दा अघि र तपाईंकै जन्मभन्दा अघि येशूमा तपाईंले मुक्ति पाउनुहोस् भनेर तपाईंलाई परमेश्वरले चुन्नुभएको थियो। मुक्तिको आह्वान तपाईंलाई नै दिइएको छ, परमेश्वरले तपाईंलाई नै चुन्नुभएको छ। यो अवसर परमेश्वरले तपाईंलाई येशूद्वारा दिनुभएको छ। यो हाम्रो कस्तो सौभाग्य हो, कस्तो आशामा हामी पर्न सक्छौं ! यस महान् प्रतिज्ञाको सामु अरू सबै थोक किन निकम्मा हुन्छन्? तपाईंको पाप, स्वार्थपना र शारीरिक अभिलाषाले मात्र परमेश्वरले दिने मुक्ति तपाईंबाट हटेर जानेछन् । येशूमा तपाईंलाई दिइएको मुक्तिको प्रतिज्ञालाई तपाईंको पाप, स्वार्थीपना र शारीरिक कामबासनाले दवाउन खोज्नु जस्तो महान् दुःखद घट्ना अरू के होला?**

## ३. रहस्यहरू

**"८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा**

अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अग्ला छन्।" यशैया ५५:८-९।

रोमी ९:१७-२७ पढ्नुहोस्। अहिलेसम्म हामीले जे अध्ययन गऱ्यौं त्यसको आधारमा पावलले उक्त पदहरूमा व्यक्त गरेको बिषयलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्ः "१७ कि धर्मशास्त्रले फारोलाई भन्छ, "म मेरो शक्ति तिमीमा देखाउँछु, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस् भन्ने अभिप्रायले मैले तिमीलाई खड़ा गरें।" १८ यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा गर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ। १९ तब तिमी मलाई भन्नेछौ, "परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ?" २० तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको?" भन्छ र? २१ के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र? २२ यदि परमेश्वरले आफ्नो क्रोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरूलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त? २३ यदि महिमाको निम्ति अघिबाटै तयार पार्नुभएको उहाँका कृपा-पात्रहरूलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो– २४ अर्थात् हामी, जसलाई यहूदीहरूबाट मात्र होइन, तर अन्यजातिहरूबाट पनि उहाँले बोलाउनुभएको छ भने, के भयो त? २५ जस्तो होशेको पुस्तकमा पनि उहाँ भन्नुहुन्छ, "जुनहरू मेरा मानिसहरू थिएनन्, तिनीहरूलाई म 'मेरा प्रजा' तुल्याउनेछु। र जसलाई मैले प्रेम गरेको थिइनँ, त्यसलाई म 'मेरो प्रिय' भन्नेछु।" २६ "अनि जहाँ 'तिमीहरू मेरा प्रजा होइनौ।' भनी तिनीहरूलाई भनिएको थियो, त्यहीँ तिनीहरू 'जीवित परमेश्वरका सन्तान' कहलाइनेछन्।" २७ इस्राएलको बारेमा यशैया घोषणा गर्छन्, "इस्राएलका सन्तानको संख्या समुद्रको बालुवा जत्तिकै भए पनि, बाँकी रहेकाहरूको मात्र उद्धार हुनेछ।" रोमी ९:१७-२७।

केहि हजार वर्ष अघि यहूदीहरूलाई मोशाको नेतृत्वमा इजिप्ट अर्थात् मिश्र देशबाट परमेश्वरले उद्धार गर्नुभएको थियो। ती इस्रायली अर्थात् यहूदीहरूलाई मिश्र देशका राजाले दास बनाएर त्रासपूर्ण वातावारणमा बाच्न वाध्य बनाएका थिए। त्यसबेला परमेश्वरले ती मिश्रीहरूलाई कस्तो व्यवहार गर्नुभयो भनेर केहि हदसम्म पावलले हामीलाई सूचित गरेको पाउँछौं।

परमेश्वर सारा जनहरूलाई उद्धार गर्न हरसमय कार्यरत भइरहनुभएको थियो। परमेश्वरको त्यो कार्य केवल निश्चित समयको निम्ति नभएर सदाको निम्ति थियो। मिश्र देशका मानिसहरूलाई विभिन्न विपदहरू पठाएर उहाँको उपस्थितिको आभास दिनुभएको थियो। आफ्ना जनहरूलाई दासत्वबाट छुटकारा दिनुभएर तिनीहरूप्रति आफ्नो स्नेहको प्रदर्शन गर्नभएको थियो। इस्रायलका अर्थात् यहूदीहरूका परमेश्वर सत्य जीवित र शक्तिशाली हुनुहुन्छ भनेर विभिन्न घट्नाहरूबाट मिश्र देश र अरु देशका मानिसहरूलाई देखाउनुभएको थियो। सृष्टिका वस्तुहरू र आफूले सृजना गरेका विभिन्न देवी देवताहरूबाट अलग भएर उहाँको मात्र आराधना गर्न अरू राष्ट्रका मानिसहरूलाई आह्वान गर्न त्यो तरिका परमेश्वरले अपनाउनुभएको थियो।

स्पष्ट रूपमा भन्ने हो भने इजिप्टका सम्राट्ले परमेश्वरको खिलाफमा जाने निर्णय गरिसकेका थिए। “उसको हृदयलाई कठोर" पार्नुभयो भन्ने वाक्यलाई कतिपय मानिसहरूले गलत सम्झन सक्छन्। तर उनले मुक्ति पाउने अवसर परमेश्वरले बन्चित गर्नुभएको थिएन। इस्रायलीहरूलाई आफ्नो आधिपत्यबाट छुटकारा नदिन फारो राजाले निर्णय गरेर आफ्नो हृदयलाई कठोर बनाइसकेका थिए। परमेश्वरले दिनुभएको व्यक्तिगत मुक्तिबाट पर राख्न उहाँले उनको हृदय कठोर पार्नुभएको थिएन। मोशा, हारुन र सारा इस्रायलका सन्तानहरूको निम्ति मात्र होइन त्यस वंशबाट अलग रहेका फारोको निम्ति पनि येशू मर्नुभएको थियो।

हामी पापी मानव जाति भएकोले हामीले संसारको बारेमा, वास्तविकता, परमेश्वरको बारेमा र उहाँले संसारमा कसरी काम गर्नुहुन्छ जे थाहा छ भनेर दावी गर्छौं त्यो केवल सिमितमात्रै थाहा छ। आत्मज्ञानको निम्ति यो महसुस गर्नु अत्यन्त जरुरी छ। प्रकृतिमा लुकिएका कतिपय रहस्यमय कुराहरूलाई त हामीले बुझ्न सकेका छैनौं भने तिनीहरूलाई सृष्टि गर्ने परमेश्वरको रहस्यको बारेमा सबै थोक थाहा छ भन्ने खुबी हामीमा कहाँ छ र? उदाहरणमा, केवल १७१ वर्ष अघिदेखिमात्र चिकित्सकहरूले शल्यक्रिया गर्दा हात धुनुपर्छ भन्ने ज्ञान असलै हुन्छ भनेर तिनीहरूले थाहा पाएका थिए। यसले हामीहरूको अज्ञानता कतिको माथि रहेछ भनेर थाहा पाउँछौं। र समय रहेमा हामीले भविष्यमा कतिपय नयाँ कुराहरू पत्ता लगाउँदै जानेछौं जसले गर्दा आज हामीलाई जे थाहा छ त्यो कस्तो सिमित ज्ञान रहेछ भनी हामी भोलिका दिनहरुमा महसुस गर्दै जानेछौं।

**निश्चय नै परमेश्वरका सबै बाटोहरू हामीलाई थाहा छैन, तर परमेश्वर कस्तो हुनुहन्छ भन्ने उहाँको स्वभावलाई देखाउन येशू आउनुभएको थियो (यूहन्ना १४:९)। येशूको चरित्र, परमेश्वरको बारेमा उहाँले देखाउनु भएको विविध क्रियालापहरू र हाम्रै लागि पनि देखाउनुभएको प्रेमलाई हरदम सोचिरहन किन महत्वपूर्ण ठान्नुपर्छ? अन्याय र अनुचित रूपमा हामीले दुःख सहनु परेतापनि परमेश्वरको चरित्रलाई अध्ययन गर्दा उहाँमाथि निष्ठावान हुन कसरी सघाउँद्छ?**

## ४. AMMI (अम्मी): "मेरा जनहरू"

रोमी ९:२५मा पावलले परमेश्वरको भविष्यवक्ता होशेले लेखेका पुस्तकको २ उद्धृत अध्यायको २३ पद उद्धृत गर्दछन्। रोमी ९को २६मा होशे १:१० गर्दछन्। यसमा लेखिएको छः "जुनहरू मेरा मानिस थिएनन्, तिनीहरूलाई म मेरा प्रजा तुल्याउनेछु। र जसलाई मैले प्रेम गरेको थिइँन त्यसलाई म प्रिय भन्नेछु। अनि जहाँ तिमीहरू मेरा प्रजा होइनौं भनि तिमीहरूलाई भनिएको थियो, त्यहाँ त्यहिँ तिनीहरू जीवित परमेश्वरका सन्तान कहलाइनेछन्।" (रोमी ९:२५,२६)। यसको पृष्टभूमी यो थियोः पछि वेश्या हुने स्त्रीलाई विवाह गर्न होशेलाई परमेश्वरले निर्देशन गर्नुभएको थियो (होशे १:२ रूपमान्तरित)। यो नाटकीय घटनाले परमेश्वर र इस्रायलीहरूको बीचमा कस्तो सम्वन्ध रहेछ भनेर देखाइएको थियो। सारा इस्रायल देश जसले सृष्टिकर्ता सनातनका परमप्रभु परमेश्वरको उपासना गर्नुको सट्टा अनौठो र अपरिचित देवीदेवताहरूको आराधना गरेका थिए। होशे र उनको पत्नीबाट जन्मेका ती सन्तानहरूलाई परमेश्वरले त्यागनुभएको र दण्ड दिनुभएको थियो। तिनीहरूलाई दिइएको नाउँले मूर्तिपूजक इस्राएलको गतिलाई देखाउँथ्यो। तेश्रो बालकको नाउँ थियो, लाओमी (*Loammi* होशे १:९)। उसको नाउँको खास अर्थ थियो, "मेरा प्रजा होइन"।

परमेश्वरका जनहरूलाई उहाँले सजाय दिनुभएपछि त्यो समय आउनेछन् जब उहाँले तिनीहरूले गुमाएका सम्पति पुन फिर्ता दिनुहुनेछ, तिनीहरूका असत्य देवीदेवटाहरूलाई हटाइनेछ र तिनीहरूसँग नयाँ सम्झौता वा करार गर्नुहुनेछ (होशे २:११-१९) भनेर होशेले भविष्यवाणी बोलेका थिए। त्यस समय तिनीहरू लोआमी (Loammi) अर्थात् "मेरा जनहरू होइनन्"बाट आम्मी (Ammi), अर्थात् "मेरा जनहरू" हुनेछन्।

पावलको समयमा आम्मी अर्थात् परमेश्वरका जनहरू भनेर केवल यहूदीहरूलाई मात्र सम्वोधन नगरी सम्पूर्ण गैर-यहूदी अर्थात् मानव जातलाई औँल्याइएको थियो (रोमी ९:२४)। यसबाट सुसमाचारको शक्तिशाली र स्पष्ट उदाहरण हाम्रो सामु प्रस्तुत गरिएकोछ। यस संसारको सुरुदेखि नै सारा संसारलाई सुसमाचार दिने परमेश्वरको इच्छा थियो। यहि पदबाट नै प्रोत्साहित भएर हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तहरूले हामीलाई दिइएको अभिभारालाई खुशीसाथ यसरी स्वीकार गर्दै आएका छौं: "मैले अर्को स्वर्गदूतलाई देखें। उनी माथि आकाशमा उडिरहेका थिए। यस संसारमा रहेका प्रत्येक मानिसलाई सदा सत्य यो सुसमाचार सुनाउन उनी आएका थिए। हरेक राष्ट्र, जाती, भाषाका विभिन्न जनहरूलाई उनले यो सन्देश सुनाएका थिए।"(प्रकाश १४:६ रूपान्तरित)। दुई हजार वर्ष अघिको पावलको समयमा मात्र होइन आज पनि मुक्तिको यो सुसमाचार सारा संसारमा फैलाउनु परेको छ।

**रोमी ९:२५-२९मा लेखेका वचनहरूलाई सोच्नुहोस्। याद गर्नहोस्, यी पदहरूमा पावलले पुरानो करारलाई उल्लेखनीय रूपमा** उद्धृत **गरेको पाउँछौ। उनको समयमा के भइरहेको थियो सो औंल्याउन पावलले यो उपाय अपनाएका हुन्)। यी पदहरूमा भएका आधारभूत सन्देश के हुन् त? के यी आज पनि सान्दर्भिक छन् र? के पाठकवृन्दहरूले पावलको कथनमा आशाको किरण पाउनुभएको छ? हेर्नुहोस्: " २५ जस्तो होशेको पुस्तकमा पनि उहाँ भन्नुहुन्छ, "जुनहरू मेरा मानिसहरू थिएनन्, तिनीहरूलाई म 'मेरा प्रजा' तुल्याउनेछु। र जसलाई मैले प्रेम गरेको थिइनँ, त्यसलाई म 'मेरो प्रिय' भन्नेछु।" २६ "अनि जहाँ 'तिमीहरू मेरा प्रजा होइनौ।' भनी तिनीहरूलाई भनिएको थियो, त्यहीं तिनीहरू 'जीवित परमेश्वरका सन्तान' कहलाइनेछन्।" २७ इस्राएलको बारेमा यशैया घोषणा गर्छन्, "इस्राएलका सन्तानको संख्या समुद्रको बालुवा जत्तिकै भए पनि, बाँकी रहेकाहरूको मात्र उद्धार हुनेछ। २८ किनकि प्रभुले पृथ्वीमा उहाँका दण्डको आज्ञा दृढ़ता र शीघ्रतासाथ पूर्ण गर्नुहुनेछ।" २९ यशैयाले यो भविष्यवाणी गरेका छन्, "सेनाहरूका परमप्रभुले हाम्रा निम्ति सन्तान नछोड्नुभएको भए हामी सदोमजस्तै हुनेथियौं, र गमोरासमान बन्नेथियौं।"**

कतिपय पावलका आफन्तहरूले उनको आह्वानलाई स्वीकार गरेका थिएनन्। यसले गर्दा उनी कसरी हृदयदेखि निरन्तररूपमा दु:खी भएका र मन भारी बनाएका थिए भनेर उनले आफ्नो दु:ख पोखाउँछन् (रोमी ९:२)। तर उनको आह्वानमा सारा जनलहर नलागेतापनि एक सानो विश्वासी र निष्ठावान

झुण्ड भने लागेको थियो। मानव जात असफल भएतापनि परमेश्वरका प्रतिज्ञाहरू असफल हुँदैनन्। परमेश्वरले उहाँको समयमा उहाँका प्रतिज्ञाहरू पूरागर्नु हुनेछन् भन्ने कुरामा हामी आशावादी हुनसक्दछौं। यदि ती प्रतिज्ञाहरूलाई हामीले आफ्नै लागि हो भनेर दावी गर्‍यौं भने हामीमा पनि पूरा हुनेछन्। **कतिपय समयमा अरू मानिसहरू र इसाई भनाउँदाहरूले तपाईंलाई धोका दिएको अनुभव गर्नुभएको छ? तपाईंलाई गरेको कबुलहरूलाई बिर्सिदिएको वा वेवास्ता गरेको तपाईंले अनुभव गर्नुभएकै होला। कतिपय समयमा तपाईं आफैले पनि अरूलाई धोका दिनुभएको होला, वा यो मात्र होइन तपाईं आफैले आफैलाई धोका पनि दिनुभएको होला। सायद यसलाई गनेर साध्य पनि नहोला, होइन र? यी विभिन्न असफलताहरूबाट तपाईंको पूर्ण भरोसा कहाँ राख्नुपर्ने रहेछ के तपाईंले सिक्नुभएको छ?**

## ५. ठक्कर वा ठेस खानु

**रोमी ९:३०-३३मा के सन्देश दिइएको छ? अझ महत्वपूर्ण कुरो त, कुनं निश्चित समयमा र निश्चित स्थानमा लेखिएको यो सन्देश के हाम्रो लागि पनि लागु हुन्छ त? त्यस समयका यहूदीहरूले गरेका भूलहरू हामीले पनि नदोहोर्‍याउन् भनेर हामी पनि कसरी होसियार हुने? हेर्नुहोस्: " ३० अब हामी के भनौं? धार्मिकताको पछि नलाग्ने अन्यजातिहरूले धार्मिकता प्राप्त गरेका छन्, अर्थात् विश्वासद्वारा पाइने धार्मिकता। ३१ तर व्यवस्थामाथि आधारित भएको धार्मिकताको पछि लाग्ने त्यस इस्राएलले त्यो व्यवस्था पूरा गर्न सकेन। ३२ किन सकेन? किनकि धार्मिकता (धर्म)कर्महरूमाथि आधारित छ भन्ठानेर तिनीहरूले विश्वासद्वारा धार्मिकता खोजेनन्। तिनीहरू ठेस लाग्ने ढुङ्गामा ठक्कर खाएर लड़ेका छन्। ३३ जस्तो लेखिएको छ, "हेर, म सियोनमा एउटा ढुङ्गा राख्तछु, जसमा मानिसहरूलाई ठेस लाग्छ, एउटा चट्टान, जसले तिनीहरूलाई लड़ाउँछ, तर उहाँमा भरोसा राख्ने कोही शर्ममा पारिनेछैन।"**

**परमेश्वरले इच्छा गर्नुभएको कुरामा तिनीहरू सहभागी नहुँदा के महत्वपूर्ण कुरा तिनीहरूले गुमाइरहेका छन् भनेर पावलले आफ्ना जनहरूलाई स्पष्टसँग बुझाएको यहाँ पाउँछौं। तिनीहरू के कुराका पछि लागिरहेका छन् तर खास गरेर त्यो कुरा पाएका छैनन् भनेर पनि पावलले यहाँ खुलाउँछन्।**

गैर-यहूदीहरूलाई जसले परमेश्वरले ग्रहण गर्नुभएको थियो तिनीहरूले परमेश्वरबाट पाउने कुराको निम्ति प्रयास गरिरहेका थिएनन् भनेर पावलले भन्दछन्। जब तिनीहरूमा सुसमाचार आयो तब तिनीहरूले त्यसलाई वेवास्ता

गरेर आफ्नै उदेश्य र चासोमा अलमलिरहेका थिए। तर जब त्यस सुसमाचारको मूल्यलाई बुझे तब कतिपय गैर-यहूदीहरूले त्यसलाई स्वीकार गरेका थिए। येशू ख्रीष्ट आफ्नो मुक्तिदाता र आफ्नो सट्टामा उहाँ मर्नुभयो भनेर जब तिनीहरूले स्वीकार गरे तब परमेश्वरले तिनीहरूलाई धर्मी, पवित्र जन वा सन्त भनेर घोषणा गर्नुभएको थियो। त्यो परमेश्वरमाथि राखिने विश्वासको कारोबार थियो।

तर यहूदीहरूको समस्या भने तिनीहरू ठेस खाने ढुँगामा ठक्कर खाएर लडेका थिए (रोमी ९:३३)। सबै जना त होइन तर कतिपय यहूदीहरूले नासरथका येशूलाई परमेश्वरले पठाउनुभएको मसीह भनेर स्वीकार गर्न इन्कार गरेका थिए। तिनीहरूले चाहेको अनुसार येशू नहुनुभएकोले उहाँलाई स्वीकार गरेका थिएनन्। त्यसकारण जब तिनीहरूको माझमा येशू प्रत्यक्ष देखापर्नुभयो तब तिनीहरूले आफ्ना पिठ्युहरू उहाँबाट फर्काए।

यो रोमी ९ अध्यायलाई अन्त गर्नुभन्दा अघि पावलले पुरानो करारबाट अर्को पद दोऱ्याउँछन्: “यसरी लेखिएको छ, "हेर! शियोनको डाँडामा मैले एक शिला गाडेको छु। धेरै मानिसहरू त्यसमा ठक्कर खाएर लड्नेछन्। यहि पत्थरले तिनीहरूलाई लडाउनेछ। तर जसले आफ्नो भरोसा परमप्रभु परमेश्वरमा राख्दछ, त्यो कहिल्यै पनि लज्जित हुनेछैन।" (रोमी ९:३३ रूपान्तरित)। परमेश्वरले योजना गर्नुभएको मुक्तिको बाटोमा विश्वाससाथ हिँड्नु कति महत्व रहेछ भनेर यी पदहरूमा पावलले उल्लेख गरेका थिए। (१ पत्रुस २:६-८ पनि पढ्नुहोस्)। कस्तो खालको शिला वा पत्थर हो जसमा मानिसहरू ठेस खाएर लड्छन्? हो, जसले उहाँलाई विश्वास र प्रेम गर्दछन् तिनीहरूले लाजमान्नु पर्दैन। हो, धेरैको निम्ति येशू ठेस खाने पत्थर भएका थिए र अहिले पनि भैरहेका छन्। तर जसले उहाँलाई चिन्दछन् र प्रेम गर्दछन् तिनीहरूका निम्ति उहाँ अर्कै पत्थर हुनुभएको छ, त्यो हो, “मेरो मुक्तिको पत्थर" (भजन ८९:२६)।

**तपाईंको जीवनमा प्रभु येशू कहिल्यै ठेस खाने पत्थर वा रिस उठ्ने ढुङ्गा हुनुभएको वा पाउनुभएको छ? यदि छ भने, कसरी? तपाईंले के गर्दै हुनुहुन्छ जसले गर्दा येशू तपाईंको निम्ति यस्तो व्यक्तित्व हुनपुग्नु भयो? त्यसबाट तपाईं कसरी उम्कनुभयो जसले गर्दा येशूको विपक्षमा फेरि नजान र त्यसमा नफस्न आशा पाउन सिक्नुभयो?**

**उपसंहार:**

थप जानकारीको निम्ति पढ्नुहोस्: एलेन जी ह्वाइटद्वारा लिखित, *द ग्रेट कन्त्रोभर्सी,* पृष्ठ २६१,२६२मा उल्लेखित अंश, "लाटर इङ्गलिश रीफोर्मर्स," *द एसडिए इन्साईक्लोपिडिया,* पृष्ठ ३३०,३३१को "फेथ एण्ड वर्कस्" र *द एसडिए कमेन्टरी,* ठेली १को पृष्ठ १०९९,११००मा उल्लेखित एलेन जी ह्वाइटकै टिप्पणीहरू।

"प्रत्येक व्यक्ति र मानव प्राणीको निम्ति चुनावमा उभिनु पर्छ। त्यो चुनाव केवल परमेश्वरको वचनमा पाइएको छ। त्यो हो सबैजनालाई मुक्ति दिलाउन परमेश्वरले त्यस चुनावमा उहाँले तिनीहरूलाई उभ्याउनुभएको छ। कतिपयले मरे पछि मुक्ति पाइहालिन्छ नि भनेर ढुक्क भएको पनि पाउँछौं। तर यस खालको चुनाव बाइबलले सिकाएको छैन। आफ्नै मुक्ति पाउन भय र थरथर काँपेर काम गर्दै चुनावमा उत्रिन लगइएको छ। सबै हतियारहरूका वस्त्र लगाएर र विश्वासको असल लडाईँ लड्न प्रत्येक मानिसलाई चुनावमा उभ्याइएको छ। प्रत्येक अपवित्र शारीरिक कामबासनाहरूको बिरुद्धमा युद्ध गर्न उपलब्ध गराइएको परमेश्वरका हतियारहरू उठाउन उसलाई चुनिएको छ। त्यसैबेला शैतानले उसको आत्मालाई खतम गर्न उसको जीवनमा खेलवाड गरिरहेको हुन्छ। प्रार्थनामा जागेर बस्दै, परमेश्वरको वचनमा गहिरो अध्ययन गर्दै र स्वइच्छाले प्रलोभन वा शैतानको पासोमा नपर्न उसलाई चुनिएको छ। उसको जीवनमा हरदम विश्वास होस् भनेर परमेश्वरले उसलाई चुन्नुभएको छ। परमेश्वरको मुखारबाट निस्किएको प्रत्येक वचनलाई पालन गर्न उसलाई चुनिएको छ। परमेश्वरको वचन सुन्नेमात्र होइन तर उहाँको प्रत्येक वचन अनुसार चल्न उसलाई चुनिएको छ। यही नै बाइबलले सिकाइको चुनाव हो। "-एलेन जी ह्वाइट, टेस्टिमोनिज टु मिनिस्टरस्, एण्ड गस्पल वरकर्स्, पृ. ४५३, ४५४बाट रूपान्तरित।

"कुनै पनि मानवीय दिमागले परमेश्वरको चरित्र तथा उहाँका कामहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैन। परमेश्वरलाई कुनै पनि हालतमा खोजेर हामी भेट्टाउँदैनौं (के परमेश्वर हराउनुभएको हो र?)। जतिसुकै धुरन्धर विद्वान भनेर दावी गरोस्, बलियो र उच्च प्रतिष्ठित जातको छु भनेर दावी गरोस् वा अशिक्षित अर्थात् कुनै पनि अक्षर नजान्ने र कमजोरी मानिस किन नहोस्, सबैको निम्ति परमेश्वर रहस्यमय भएर बस्नु अनिवार्य छ। "बादल र बाक्लो अन्धकारले परमेश्वरलाई ढाकिएको छ। धार्मिकता र न्याय उहाँको सिंहासनको जग हो।" (भजन ९७:२ रूपान्तरित)। यस्तो परमेश्वर भएतापनि

उहाँको अनन्त शक्तिसँग मिसिएको असिमित कृपा कस्तो छ भनेर थाहा पाउन हामीहरूप्रति उहाँले गर्नुभएको कारोबारबाट केही हदमा बुझ्न प्रयास गर्न सक्छौं। हामीले बुझ्न सकेको जतिमात्र उहाँका उदेश्यहरूलाई बुझ्न सक्छौं। त्यो भन्दा धेरै, सर्वशक्तिमान हात भएको र प्रेमले भरिएको हृदय भएको परमेश्वरमाथि भरोसा राखेर चल्नु नै हाम्रो निम्ति कल्याण हुन्छ।"-एलेन जी ह्वाइट, *एडुकेशन,* पृ. १६९बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. हामी जन्मनुभन्दा पहिले परमेश्वरले कसैलाई मुक्ति दिन चुन्नुभएको छ त? कसैलाई छैन भनेर कतिपय इसाईहरूले सिकाउँदछन्। कतिपय धर्ममा नै कर्ममा जे लेखिएको छ त्यहि हुन्छ भनेर लाचार मानेर आत्मिक लक्ष्यमा मानिसहरू अग्रसर हुन चाहँदैनन्। के तपाईं पनि त्यसमध्ये एक हुनुहुन्छ जसले यो बिश्वास गर्छ कि मुक्ति पाउन मानिसको आत्मनिर्णयसँग सरोकार छैन? यस्तो खालको मनस्थितिले जतिसुकै असल काम गरेपनि पापी भएकोले अनन्तको नर्कमा पुऱ्याउँछ भनेर पुर्पुरोमा लेखिएको छ भन्ने निराशाको विश्वासलाई बोकाउँछ। येशूसँग मुक्तिको सम्वन्ध राख्न अघि नै परमेश्वरले चुन्नुभएको छ भनेर कतिपय मानिसहरूले उहाँलाई विश्वास गर्न नचाहेको हामी पाउँछौं। हामीले चुन्ने होइन क्यारे, कसलाई स्वर्ग पुऱ्याउने कसलाई नर्कमा पुऱ्याउन भनेर जन्मैकै बेलामा छुट्याइएकोले अहिले नै मोजमज्जा रमाइलो गरौं भन्ने मनस्थिति किन गलत छ? यस्तो खालको धारणा वा चित्रण किन गलत छ? त्यही विषयबस्तुलाई हाम्रो बुझाइमा र अरूको बुझाइमा के फरक छ?

२. पौराणिक इस्रायलीहरूका समयमा यहूदीहरूलाई सुम्पिएको जिम्मा र हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई सुम्पिइएको जिम्मा झण्डै त्यस्तै त्यस्तै छ भनेर हामीले कसरी बुझ्छौं? तिनीहरूमा के फरक र त्यही खालको जिम्मेवारी हामीमा छ? तिनीहरूभन्दा हामीले कसरी राम्रो काम गरिरहेकाछौं? वा के तिनीहरूभन्दा अझ झन खराब गरिरहेका छौं कि? सोचविचार गर्नुहोस्।

कथा १०

## रेलमा येशूको बारेमा प्रचार

## निकोलाइ झुकाल्युक (युक्रेन)

इसाई हुँ भनेर केवल मुखलेमात्र बोलेर हुँदैन (अर्थात् जय मसी भनेर हल्का रूपमा अभिबादन गर्ने पनि होइन)। इसाई हुनुभनेको यस्तो जीवन बिताउनु हो जसले गर्दा अरू मानिसले तपाईंलाई हेर्दा कुनै भिन्नता भएको देखोस्। अनि तिनीहरूले तपाईंसँग प्रश्न गर्छन् र तपाईंले त्यसको जवाफ जोसिलो भएर जवाफ दिनुहुन्छ किनकि त्यसको जवाफ तपाईंसँग छ। यदि कसैले तपाईंसँग केही सोध्दैनन् भने तपाईंले कुरा गर्नुपर्ने केही कारण पनि हुँदैन।

### विश्वासी बनाउन सक्रिय

मानिससँग कुरा गर्न म मौका हेरिरहन्छु। धर्म वा विश्वासको सिद्धान्तको बारेमा औंल्याएर कुराकानी सुरू गर्ने उचित कुरो हो भन्ने म ठान्दिँन। बरू अपरिचित मानिसहरूले तिनीहरूमा मसँग यस्तो कुरो देखोस् कि त्यो तिनीहरूले पनि चाहेको होस्। एक दिन म लिभिभ भन्ने शहरमा किभमा जान रेल चढें। किभ युक्रेनको राजधानी हो। दुई जना सुत्ने डिब्बा भएको रेलमा म चढें। त्यहाँ अर्को यात्रु एक जना महिला थिइन्।

त्यो हाम्रो पहिलो भेट थियो। र मैले भनें, "हामी एक आपसमा चिनापर्ची गरौं। हामी केही घन्टासम्म सँगसँगै यात्रा गर्दैछौं। के तपाईं लिभिभबाट आउनुभएको हो वा तपाईं केही कामको निम्ति लिभिमा जानुभएको थियो कि?" त्यस महिलाले जवाफ दिइन्, "म लिभिभबाट होइन। म किभबाट आएको हुँ। म घर जाँदै छु।"मैले मुस्कुराएर भनें, "म लिभिभबाट आएको हुँ। म किभमा जाँदैछु।" "तपाईं किन किभमा जाँदै हुनुहुन्छ?" कौतुहल भएर त्यस महिलाले नरम मिजाससँग सोधिन्।

मैले भनें कि म अवकाश पाएको चर्चको अगुवा हुँ र संसारभरि मेरा साथीहरू छन्। जब मेरा साथीहरू युक्रेनमा आउँछन् तब तिनीहरूले मलाई कहिलेकाहीं किभमा बोलाउँछन्। म तिनीहरूलाई भेट्न जाँदा तिनीहरूलाई सजिलो हुन्छ र तिनीहरूलाई भेट्न जान मलाई मन लाग्छ। यस चिनारीले मेरो छोटो जीवन कहानी भन्ने अवसर मिलेको थियो।

## चासो बढाउनु

मेरा कुरामा ती महिलाको चासो बढ्यो। उनले भनिन्, मेरो नाउ नादिया हो। तपाईँ कुन चर्चको अगुवा हुनुहुन्थ्यो?" मैले हतपत जवाफ दिइनँ तर मुस्कुराएर मैले उनलाई सोधेँ, "तपाई कुन चर्चमा आराधना गर्नुहुन्छ?"

"म कुनै पनि चर्चमा जान्न तर म अर्थोडक्स अर्थात् स्थानीय परम्परागत सम्प्रदायको व्यक्ति हुँ भनेर म आफूलाई ठान्छु।" उनले भनिन्। अनि उनले आफ्नो कामको बारेमा भनिन्। उनी मनौवैज्ञानिक थिइन् र पूर्वी युक्रेनमा भइरहेको द्वन्द्वको मारमा परेका मानिसहरूको उपचार गर्ने विशेषज्ञ रहेछिन्। अनि उनले भनिन्, "तपाईँ अर्थोडक्स विश्वासी होइन भनेर मैले बुझेको छु। तपाईँको चर्च र अर्थोडक्स चर्चको बीचमा के भिन्नता छ?" "अर्थोडक्सले आइतबार आराधना गर्छन् र हामी शनिबार आराधना गर्छौं," सरल तरिकाले मैले जवाफ दिएँ।

"तपाईँले शनिबार किन आराधना गर्नुहुन्छ?

"के तपाईँले बाइबल पढ्नुभएको छ?" मैले सोधेँ।

"मैले पढेको छु।"

"के तपाईँले दश आज्ञाहरूको बारेमा सुन्नुभएको छ?"

"मलाई थाहा छ। नमार्नु, नचोर्नु।" उनले सोचेर जवाफ दिइन्।

"चौथौँ आज्ञाचाहीँ शनिबारको बारेमा चर्चा गर्छ," मैले भनेँ।

हामीहरूको कुराकानी धेरै बेरसम्म भइरह्यो। रातभरी कुराकानी हुन्छ होला भनेर मैले महसुस गरेँ। तर राती भएकोले केही निन्द्रा सुतौँ भनेर मैले भनेँ। ती महिलाले अरू धेरै कुरा जान्न चाहेकी थिइन्। अनि मेरा केही किताबहरू किभको पसलहरूमा पाइन्छ कि भनेर उनले सोधिन्। कुराकानीमा मैले उनलाई भनेको थिएँ कि म १५वटा पुस्तकहरूको लेखक हुँ।

## सम्पर्कमा रहनु

ती महिला निराश भइन् जब मैले भनेँ कि मेरा किताबहरू छापिन छोडयो। तर मैले भनेँ कि यदि उनले उनको ठेगाना दिएमा म उनीकहाँ किताब पठाउँछु। उनको ठेगाना र फोन नम्बर मलाई दिइन्।

जब भोलिपल्ट हामी किभमा आइपुग्यौँ तब त्यहाँ उनको श्रीमान उनलाई पर्खिरहेको देख्यौँ र उनले उनको श्रीमानसँग मलाई परिचय गराइन्। उनी र उनको श्रीमानले मेरो झोला रेलवे स्टेशनको प्रतिक्षालयमा लैजान

सहयोग गरे। "कोही आएन भने मलाई बोलाउनुहोस्। हामी तपाईंको हेरबिचार गर्छौं।" उनले भनिन्।

यो खालको भेटघाटले नयाँ मानिसलाई परमेश्वरको बारेमा भन्न मौका मिल्दछ। त्यस महिलाले परमेश्वर र सत्यको बारेमा जान्न चासो राखेकी थिइन्। म उनीसँग सम्पर्कमा राखिरहन्छु। तपाईंको भेटीले संसारभरि सत्यको निम्ति भोकाएकाहरूको निम्ति पुस्तक तथा साहित्यहरू छाप्न सहयोग गर्दछ भन्ने कुरालाई नबिर्सनुहोला।

(निकोलाइ झुकल्युक ८४ वर्षको हुनुहुन्छ। उहाँ सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको भूतपूर्व अध्यक्ष हुनुहुन्छ। परमेश्वरमाथि विश्वास गरेको कारणले उनलाई सोभियत रूसको कम्युनिस्ट सरकारले दुई वर्ष झ्यालखानामा राखेको थियो)। युक्रेनको बारेमा जानकारीः त्यहाँका बहुसंख्यता जनसंख्या अर्थोडक्स इसाई हुन्। २.२ प्रतिशत जति प्रोटेस्टेन्ट छन्, २ प्रतिशत रोमन क्याथोलिक छन् भने १ प्रतिशत मुस्लिम धर्मका मानिसहरू छन्। कमसेकम ११ प्रतिशत मानिसहरूले आफू कुनै धर्मसँग आवद्ध नभएको जनाउँछन्। युक्रेनमा ४७,५०० सेभेन्थ-डे एडभेन्टिस्टहरू छन्।